## कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको संचालक समितिको प्रतिबेदन

कम्पनी ऐन, २०६३ को दफा १०९ (१) अनुसारको आर्थिक बिवरण र दफा १०९ (४) अनुसार खुलाउनु पर्ने अन्य बिवरणहरु देहायबमोजिम पेश गरिएको छ ।

**(१) आर्थिक बिवरणः**

आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा कम्पनीको चुक्ता पूँजी रु.१७,६५,८५,४००/- रहेको छ । समीक्षा अवधिमा प्राथमिक पूँजीरु.७ करोड ६५लाख ५२ हजार रहेको छ । कूल निक्षेप रु.९४ करोड ११ लाख ८७ हजार पुगेको छ । कूल कर्जा सापट रु.६३ करोड ०८ हजार पुगेको छ । खुद नोक्सान रु.१ करोड ८७ लाख ०९ हजारमा कायम भएको छ ।

उपरोक्त वित्तीय स्थिती झल्काउने लेखापरीक्षण भएका वित्तीय विवरणहरु र तत्सम्बन्धी अनुसूचीहरु यसैसाथ रहेका छन् ।

**(२) संचालक समितिको प्रतिबेदनः**

**(क) विगत वर्षको कारोवारको सिंहावलोकनः**

समिक्षा अवधिमा पनि संस्था असहज तथा असामान्य परिस्थितीबाट गुज्रन परयो । संस्थाको वित्तीय स्थीतिमा नकारात्मक असर पर्न जाँदा सोचे अनुसारको प्रगति गर्न कठिन हुन पुग्यो । एकतातिर चुक्ता पूँजी वढाउनु पर्ने अवस्था आएको थियो भने अर्को तर्फ वित्तीय अवस्थालाई सुधार गर्नु पर्ने चुनौति रहेको छ । कर्जा लगानीको साँवा तथा व्याज समयमै नउठ्दा वित्तीय स्थीतिमा नकारात्मक असर परेको प्रष्टै देखिन्छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितीबाट कम्पनीको कारोवारमा परेको असरः**

गत वर्ष पनि देशको राजनीतिक अवस्था अस्थिर नै रहनु, लक्ष्य अनुसारको आर्थिक बृद्धि नहुनु, महाभुकम्प जानु जस्ता कारणले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थालाई असर पारेकै देखिन्छ ।

**(ग) प्रतिबेदन तयार भएको मितिसम्म चालू आर्थिक वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणाः**

कम्पनीको २०७३ फाल्गुणमसान्तसम्मको वित्तीय प्रगतिको झलक यस प्रकार रहेको छ :

| | | | |
|---|---|---|---|
| निक्षेप तथा सापट | रु. ७७ करोड ४ लाख | अन्य लगानी | रु. १ करोड ९० लाख |
| कर्जा र सापट | रु. ६८ करोड ७ लाख | कुल सम्पत्ति | रु. १०८ करोड ११ लाख |

**भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणाः**

आफ्ना ग्राहक तथा निक्षेपकर्ताहरुलाई बढी भन्दा बढी सरल तथा सुविधायुक्त बैकिंङ्ग सेवा प्रदान गर्ने नीति लिईएको छ । कम्पनीले आफ्नो कामकारवाहीलाई अझ सर्तकताका साथ अगाडी वढाउनु पर्ने देखिएको छ । कर्जाको असूलीमा कडाई गर्ने र नयाँ कर्जा प्रवाह गर्दा राम्रा क्षेत्रहरुको पहिचान गरि लगानी गर्ने नीति लिईएको छ । नाफा स्थीतिलाई सुधार गर्न कर्जाको व्याज असूलीमा कडाई गर्ने नीति लिइएको छ ।

चुक्ता पूँजी बृद्धीको लागि मर्जर/एक्विजिशनलाई प्राथमिकतामा राखि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्नु पर्ने छ ।

**(घ) कम्पनीको औद्योगिक वा ब्यवसायिक सम्बन्धः**

संस्थाले आफ्नो कारोवारलाई क्रमशः विस्तार गर्दै लग्नका लागि सबै क्षेत्रका पक्षहरुसंग सुमधुर सम्बन्ध प्रगाढ बनाउँदै नीतिलाई आगामी वर्ष पनि कायम गरिने छ ।

**(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारणः**

समिक्षा अवधिमा संचालक समितिमा देहाय अनुसार हेरफेर भएको छ :

संचालक समितिका तत्कालिन अध्यक्ष श्री तेजवज्र बज्राचार्यले मिति २०७३ श्रावण १ गतेदेखि लागू हुने गरि संचालक समितिको अध्यक्ष तथा संचालकको पदबाट राजीनमा दिनु भएकोले मिति २०७३ श्रावण १ गते देखि लागू हुने गरि श्री भक्त वहादुर मल्ललाई सर्वसम्मतीबाट संचालक समितिको अध्यक्षमा नियुक्त गरियो ।

गत सत्रौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनी समूहबाट निर्विरोध निर्वाचित संचालक श्री रविन्द्र बहादुर मल्लले आफ्नो कार्य व्यस्तताले गर्दा २०७३ श्रावण १ गते देखि लागू हुने गरि संचालकको पदबाट राजीनामा दिनु भएकोले उक्त पद हालसम्म खाली रहेको छ । यसै गरि, सर्वसाधारण शेयरधनी समूहबाट निर्विरोध निर्वाचित संचालकहरुले विभिन्न मितिमा राजीनामा दिनु भएकोले खाली भएको संचालक पदमा मिति २०७० भाद्र २८गतेबाट श्री सप्तमान बज्राचार्य र मिति २०७३ भाद्र२७ गतेबाट सुश्री मृण लिनी गिरीलाई सर्वसाधारण शेयरधनी समूहको तर्फबाट संचालकमा मनोनित गरिएको छ ।

**शेयर स्वामित्वमा हेरफेरः**

शेयर स्वामित्वमा कुनै परिवर्तन भएको छैन ।

**(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरुः**

कर्जा लगानीको साँवा तथा व्याज समय मै नउठ्नु, बैंक तथा वित्तीय संस्थाहरुबीचको व्याजदरको प्रतिस्पर्धा, सुरक्षित लगानी क्षेत्रको कमी आदीले नै हाम्रो कारोवारलाई असर पार्ने मुख्य कारकतत्व रहेका छन् ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रियाः**

समिक्ष अवधिका लेखापरीक्षण प्रतिवेदनहरुमा संस्थाको नियमित कारोबारको सिलसिलामा देखिएका सामान्य टिप्पणीहरु वाहेक उल्लेखनीय खालका कुनै कैफियत नभएको र ती टिप्पणीहरुको सुधार गर्न व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिईसकिएको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः**

त्यस्तो कुनै सिफारिस नगरिएको ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरे को रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण :**

माथि उल्लिखित अवस्था आई नपरेको ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितीको पुनरावलोकन :**

संस्थाको प्रगति बिवरण माथिल्लो प्रकरणमा पेश गरी सकिएकै छ । यस संस्थाको कुनै सहायक कम्पनी नभएको कुरा अनुरोध गरिन्छ ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

उल्लिखित अवधिमा संस्थाको कारोवारमा कुनै महत्वपूर्ण परिवर्तन नआएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

माथि उल्लिखित कुनै जानकारी प्राप्त नभएको ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनी संचालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवार मा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

संस्थापक शेयरधनी श्री सुरेन्द्र बहादुर मल्लले आफूले धारण गरेको २,६४,६४७ कित्ता संस्थापक शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई श्री सुमन पोखरेललाई ३२,७७७, श्री सागर ढकाललाई ३२,७७७, श्री अर्जुन पौडेललाई ३२,७७७, श्री लोकराज पौडेललाई ५५,५५३, श्री युद्धराज ओलिलाई १०,००० र श्री डि.डि. इन्भेष्टमेन्ट प्रा.लि.लाई ९९,११६ गरि कुल २,६३,००० कित्ता खरीद/बिक्री गरिएको र संस्थापक शेयरधनी श्री प्रकाश मानन्धरले पनि आफूले धारण गरेको ६४,७६८ कित्ता संस्थापक शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई श्री धनप्रसाद शर्मालाई खरीद/बिक्री गरिएको छ । संचालक तथा पदाधिकारीहरु शेयर कारोबारमा संलग्न रहेको पाइएन ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थकाबारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

त्यस किसिमको जानकारी प्राप्त नभएको ।

**(ण) कम्पनीले आफनो शेयर आफैले खरिद गरेको भए त्यसरी आफनो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकमः**

संस्थाले आफ्नो शेयर आफैले खरिद गर्ने नगरेको ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरणः**

संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशानुसार लेखापरीक्षण समिति गठन गर्नुको साथै आन्तरिक लेखापरीक्षणको व्यवस्था पनि नियमित रुपमा गर्दै आएको, आन्तरिक नियन्त्रणका लागि आवश्यक विनियमावलीहरु तयार गरि सो अनुसारको काम कारवाही भै रहेकोले हालसम्ममा संस्थाको आन्तरिक प्रणालीमा कुनै अनियमितता आएको छैन ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| आ.व. | व्यवस्थापन खर्च रु | कर्मचारी खर्च रु | ब्याज खर्च रु. |
|---|---|---|---|
| २०६९/७० | १,९२,६९,८६१ | २,१५,१९,९५८ | ११,७१,५०,४३१ |
| २०७०/७१ | १,८०,८५,२५५ | २,३५,५२,४९८ | ९,७८,५५,८१५ |
| २०७१/७२ | १,७३,७६,१८३ | २,४०,२१,२४० | ७,६५,१५,८०२ |
| २०७२/७३ | १,६१,६८,३७६ | २,१६,१७,९६२ | ६,६२,४२,०५० |

सोको विस्तृत विवरणहरु क्रमश अनुसूची ४.२४ (अन्य संचालन खर्च), अनुसूची ४.१९ (ब्याज खर्च) र अनुसूची ४.२३ (कर्मचारी खर्च) मा दिइएको छ ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको बिवरण :**

समीक्षा अवधिमा संचालक समितिका गैर कार्यकारी सदस्य श्री राम प्रसाद जोशीको संयोजकत्वमा गठित लेखापरीक्षण समितिले नै निरंतरता पाई आएकोमा श्री सप्तमान बज्राचार्य सदस्य तथा श्री संजय बहादुर मल्ल सदस्य सचिव रहने गरि पूर्नगठन गरिएको छ । उक्त समितिको गत आ.व.२०६९/७०मा कुल ६ वटा बैठक बसेको, गत आ.व.२०७०/७१मा कुल ५वटा, गत आ.व.२०७१/७२मा कुल ५वटा र आ.व.२०७२/७३मा कुल ५वटा बैठक बसेको थियो । समितिका सदस्यहरुलाई बैठक भत्ता वापत आ.व.२०६९/७०मा रु.९५,०००/-,आ.व.२०७०/७१मा रु.६५,०००/-,आ.व.२०७१/७२मा रु.७५,०००/- र आ.व.२०७२/७३ रु.६५,०००/- भुक्तानी गरिएको छ । सो समितिले नेपाल राष्ट्र बैंकको निरिक्षण प्रतिवेदन, आन्तरिक लेखापरीक्षक तथा वाह्य लेखापरीक्षकवाट प्राप्त प्रतिवेदनहरुको गहन अध्ययन एवं छलफल गरी संचालक समिति तथा व्यवस्थापनलाई आवश्यक तथा ठोस सुझावहरु दिने गरेको छ ।

**(ध) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

युनियन फाइनान्स लिमिटेड तथा युनियन मनी ट्रान्सफर कम्पनी लिमिटेड बिच रिमिटेन्स सम्बन्धि कार्य गर्नको लागि प्रचलित बजार मान्यता अनुरुप रु. १ करोडको रिमिटेन्स करार गरिएको थियो । उक्त करार बमोजिमको सम्पूर्ण लेना रकम युनियन मनि ट्रान्सफर कम्पनी लिमिटेडले प्रस्तुत आर्थिक वर्ष भित्र नै भुक्तानी गरिसकेको छ ।

**(न) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| आ.व. | संचालक समितिको बैठक भत्ता रु. | संचालकहरुलाई भत्ता तथा सुबिधा रु. | कार्यकारी प्रमुखलाई पारिश्रमिक तथा सुविधा रु. |
|---|---|---|---|
| २०६९/७० | ३,७५,००० | ४,१८,६०९ | २५,४७,१९४ |
| २०७०/७१ | ३,७५,००० | ४,०७,५७१ | २८,६८,००० |
| २०७१/७२ | ४,२०,००० | ३,८४,२२५ | २८,६८,००० |
| २०७२/७३ | ३,९०,००० | ३,८०,२८६ | २८,६८,००० |

**(प) शेयरधनीहरुले बुझी लिन बाँकी रहेको लाभांशको रकम :**

मिति २०७३ आषाढ मसान्तसम्ममा आ.व. २०५८/५९, २०६०/६१, २०६५/६६ तथा २०६७/६८सम्मको नगद लाभांश वापत रु. ३१,७०,३५७/९२ बाँकी रहेको थियो । केही शेयरधनीहरुले बुझी लिन वाँकी नगद लाभांश भुक्तानी दिने र वोनस शेयर वितरण गर्ने संदर्भमा प्रत्येक त्रैमासमा सार्वजनिक सूचना प्रकाशित गर्ने गर्नुका साथै कम्पनीको उक्त सूचना आफ्नो वेवसाईटमा समेत राखेको छ ।

**(फ) सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण :**

तोकिएबमोजिमको कुनै कार्य नरहेको ।

**(ब) सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :**

तोकिएबमोजिमको कुनै विवरण नरहेको ।

**(भ) कम्पनी ऐन तथा प्रचलित कानूनबमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा :**

प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा नभएको ।

**(म) अन्य आवश्यक कुराहरु :**

समीक्षा अवधिमा कम्पनीबाट नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका सबै निर्देशनहरु तथा प्रचलित कानूनका प्रावधानहरुको पालना भएको कुरा जानकारी गराउन पाएकोमा गर्व महसूस भएको छ । साथै, समीक्षा अवधिमा पनि गैरबैकिङ्ग सम्पत्ति आर्जन गरेवापत कम्पनीले कुनै जोखिम कोष राख्नु परेको छैन ।

चैत्र २९,२०७३ (अप्रिल ११, २०१७) मंगलवार ।

काठमाडौं, नेपाल

द. भक्तबहादुर मल्ल
अध्यक्ष

द. रामप्रसाद जोशी
संचालक

द. सप्तमान बज्राचार्य
संचालक

द. मृणालिनी गिरी
संचालक

द. नातिकाजी शाक्य
विशेषज्ञ संचालक